निसीखोला गाउँपालिका

२०८१/०३/२६

स्थानीय सरकार

निसीखोला गाउँपालिकाको

# भू-उपयोग क्षेत्र वर्गीकरण मापदण्ड तथा कार्यान्वयन कार्यविधि, २०८१

निसीखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, नेपाल

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

# भू-उपयोग वर्गीकरण तथा कार्यान्वयन कार्यविधि, २०८१

## प्रस्तावना

निसीखोला गाउँपालिकामा भू-उपयोग क्षेत्र वर्गीकरण, भू-उपयोग कार्यक्रम सञ्चालन, भू-उपयोग योजना तर्जुमा, भूमिको उच्चतम उपभोग गर्नका लागि भू-उपयोग कार्यान्वयन समिति गठन गरी जनशक्तिको उचित व्यवस्थापन गरि कार्य सञ्चालन गर्नका लागि कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र भू- उपयोग ऐन २०७६ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरि निसीखोला गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

१. यस कार्यविधिको नाम "भू-उपयोग वर्गीकरण मापदण्ड तथा कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

२. यो कार्यविधि निसीखोला गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि निसीखोला गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेका, यस कार्यविधिमा:-

(क) "ऐन" भन्नाले संघिय भू-उपयोग ऐन, २०७६ लाई सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले संघिय भू-उपयोग नियमावली २०७९ लाई सम्झनु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले निसीखोला गाउँपालिकालाई सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले निसीखोला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ङ) "स्थानिय भु परिषद्" भन्नाले निसीखोला गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(च) "कार्यान्वयन समिति" भन्नाले ऐनको दफा २० बमोजिम स्थानीय भू-उपयोग कार्यान्वयन समिति सम्झनु पर्दछ।

(छ) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशु पन्छी पालन, फार्म हाउस, मत्स्यपालन, माहुरी पालन, रेशम खेती लगायत कृषि जन्य उत्पादन, बागवानी वा वन वाटिका, जडीबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ।

(ज) "आवासीय क्षेत्र" भन्नाले मानवीय वासस्थानको लागि प्रयोग भएका घर रहेको जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तबेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरू कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानुन बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँछ।

(झ) "व्यावसायिक क्षेत्र" भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएका भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याइएका का भवनले जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

(ञ) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहरोले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँछ ।

(ट) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानुन बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनले छुट्टाइएको क्षेत्र सम्झनु पर्छ।

(ठ) "वन क्षेत्र" भन्नाले प्रचलित कानुन बमोजिम तोकिएको वन क्षेत्रलाई सम्झनु पर्छ।

(ड) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, अन्त्येष्टि स्थल, सडक, सिंचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरो, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनी प्रचलित कानुन बमोजिम तोकिएको क्षेत्र समेतलाई सम्झनु पर्छ।

(ढ) "सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्त्विक महत्वका दरबार तथा प्रचलित कानुन बमोजिम सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका भनी तोकिएका क्षेत्र सम्झनु पर्छ।

(ण) "नदी, खोला, ताल, सिमसार क्षेत्र" भन्नाले नदी, खोला तथा सोको जलप्रवाहको क्षेत्र, किनारा डिल र बगर क्षेत्र समेत, नहर तथा सोको डिल. प्राकृतिक ताल, पोखरी तथा सोको डिल, साबिकको नदी वा खोला बगेको र हाल नदी, खोला उकास

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

भई बगर वा ढुङ्गयान कायम भएको क्षेत्र, बग्ने पानी नभए पनि पानी जमेको वा जम्ने सम्भावना भएको सिमसार वा राम सार क्षेत्रलाई सम्झनु पर्छ।

(त) "भू-उपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ।

(थ) "भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

(द) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू-उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ।

(ध) "भू-उपयोग योजना" भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न ऐनको दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्दछ।

(न) "मालपोत कार्यालय" भन्नाले गाउँपालिका क्षेत्रमा सेवा क्षेत्र रहेको मालपोत कार्यालय सम्झनु पर्दछ ।

(प) "विभाग" भन्नाले नापी विभागलाई सम्झनु पर्दछ ।

(फ) "नापी कार्यालय" भन्नाले गाउँपालिका क्षेत्रमा सेवा क्षेत्र रहेको नापी कार्यालय सम्झनु पर्दछ ।

(ब) "अध्यक्ष" भन्नाले निसीखोला गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ ।

(भ) "उपाध्यक्ष" भन्नाले निसीखोला गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ ।

(म) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले निसीखोला गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्दछ ।

(य) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ।

(र) "गैर कृषि क्षेत्र" भन्नाले कृषि क्षेत्र बाहेक अन्य क्षेत्रको रूपमा वर्गीकरण गरी कृषि बाहेकको अन्य तरिकाले जमिनको उपयोग भइरहेको क्षेत्रलाई सम्झनु पर्छ।

(ल) "तोकिएको वा तोकिय बमेजिम" भन्नाले भु-उपभोग ऐन २०७६ र यस भु-उपयोग क्षेत्र बर्गीकरण तथा कार्यान्वयन कार्यविधि-२०८० ले तोकिय बमोजिम लाइ सम्झनु पर्दछ ।

(३).भु-उपयोग क्षेत्र बर्गीकरण मापदण्डका क्षेत्रहरु ।

(१) भु-उपयोग क्षेत्र बर्गीकरणका आधार तथा मापदण्ड देहाय बमोजिमकामा गर्न सकिर्नेछ ।

(क) विधमान भु-उपयोग अवस्था ।

(ख) नापी विभागले पठाएको भु- उपयोग बर्गीकरण Data

(ग) सडक, बाटोको पहुँच र सोको बर्गीकरण ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

(घ) कर्षि उत्पादन र उत्पादकत्वको अवस्था ।

(ङ) वातावरण तथा विपद संवेदनशिलता ।

(च) स्थानिय आवश्यकता ।

(छ) जमिनको भु-बनोट तथा धरातलिय अवस्था ।

(ज) मालपोत कार्यालयको न्युनत्तम मुल्याङकंन पुस्तिकामा बर्गीकरणा गरिएको क्षेत्र ।

(झ) नापी कार्यालयको नक्सामा कित्ताकाँट भएका क्षेत्र ।

(ञ) सरकारी, सार्वजनिक, पर्ती वा ऐलानी जग्गासंग जोडीएको क्षेत्र ।

(ट) कित्ताहरुको क्षेत्रफल ।

(ठ) बसोबासको अवस्था, घर निर्माण क्रम, बस्ती विकासको क्रम तथा बसोबास क्षेत्रको विस्तार हुन सक्ने क्षेत्र ।

(ड) भु-उपयोग ऐन २०७६ को दफा ४ मा भएको व्यवस्था ।

(ढ) भु-उपयोग नियमावली २०७९ को दफा ५को १ मा भएको व्यवस्था ।

(ण) सामाजिक तथा आर्थिक पुर्वधारको अवस्था ।

(त) Google Satellite Images

(थ) GIS Analysis

(द) वडा कार्यालय, विभिन्न क्षेत्रका विज्ञ, सर्वदलिय तथा सर्वपक्षिय भेलाबाट आएका राय सुझाव ।

(४).भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु

भु-उपयोग क्षेत्र बर्गीकरणको आधार र मापदण्ड बमोजिम यस निसीखोला गाउँपालिका क्षेत्र भित्र देहाय बमोजिम भु-उपयोग क्षेत्रहरुमा बर्गीकरण गरिर्नेछ ।

१. आवासीय क्षेत्र: यस निसीखोला गाउँपालिका भित्र देहाय बमोजिम हुने गरी आवासीय क्षेत्र तोकिएको छ। यसरी आवासीय क्षेत्र तोक्दा देहायमा तोकिएको क्षेत्रमा सडक अधिकार क्षेत्र बाहेक भनिएको भएता पनि हाल उपयोगमा रहेको बाटो बाहेकको सडक अधिकार क्षेत्र समेतलाई आवासीय क्षेत्रमा रहने गरी वर्गीकरण गरिनेछ र देहायमा तोकिएको क्षेत्र बाहेकको गाउँपालिकाको अन्य क्षेत्रमा भू-उपयोग नियमावली २०७९ को अनुसूची-१ बमोजिमको आधारमा वर्गीकरण गरिनेछ।

(क) वडा नं.१

१. देविस्थान देखि सालझण्डि सडकको अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

२. ढुवाँखोर सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

३. देविस्थान देखि हुल्दी, पाखापानी, सडकखण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

४. पाखुते देखि बतासेडाँडा सडकखण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

५. मध्य पहाडी लोक मार्गको दायाँ बायाँ जोडिएको बस्तीबाट १०० मि. अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

६. सडकले नछोएका तर हाल घर कायम रहि बसोबास भैईरहेको सम्पुर्ण क्षेत्र ।

१. खाड्ड देउराली हुल्दी सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

७. भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सबै जग्गा ।

(ख) वडा नं. २

१. बयाँचौर देखि अर्नाकोट क्षेर थुम हुदै माझकटेरी दह जाने सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

२. पाखुते काल्नेचौर निसी सडकखण्डमा सडक अधिकारक्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

३. काल्नेचौर देखि सिडेरी अर्नाकोट बराहथान र सो मातहतका सडकका अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

४. वडा कार्यालय टारीफाँट धारा टोल पाखथर उपल्लो ब्यङ्ग्री सडकखण्ड र सो मातहतका सडकका अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ५० मि. दायाँ बायाँको क्षेत्र।

५तल्लो ब्यङ्ग्री विच गाउँ डाडागाउँ उपल्ला ब्याङ्ग्री सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ५० मि. दायाँ बायाँको क्षेत्र।

६ मध्य पहाडी लोक मार्गको दायाँ बायाँ जोडिएको बस्तीबाट १०० मि. अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

७सडकले नछोएका तर हाल घर कायम रहि बसोबास भैईरहेको सम्पुर्ण क्षेत्र ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

प्रमानाथ मल्ल (?)
महानगर ...

२. ८ जुग्जाखोला भैसिखर्क धाराखर्क प्युठान सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

८ पलाउने बाहुनगाउँ प्युठान सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

५. भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सबै जग्गा ।

(ग) वडा नं.३

१. काप्रा, बोहरागाँउ र याङम्याङ सडक र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

२. जुग्जाखोला, धाराखर्क र ढुवाँखोर सडक र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

३. मध्य पहाडी लोक मार्गको दायाँ बायाँ जोडिएको बस्तीबाट १०० मि. अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

४. सडकले नछोएका तर हाल घर कायम रहि बसोबास भैईरहेको सम्पुर्ण क्षेत्र ।

५. भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सबै जग्गा ।

(घ) वडा नं. ४

१।बायोखोला झिम्पा निसि सडक मार्गको दायाँ बायाँ जोडिएको बस्तीबाट ६० मि. अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

२।पाखुते काल्नेचौर, झिम्पा निसी सडकखण्ड देखि बडाचौर कोटधारा,कालाखेत झिम्पा र सो मातहतका सडकका अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

३ झिवाखोला देखि याङम्याङ, उपल्लो थापागाउँ सडक खण्ड र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलमा सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

४ कानाबगर देखि ओखरेनी सडक खण्ड र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

५ मध्य पहाडी लोक मार्गको दायाँ बायाँ जोडिएको बस्तीबाट १०० मि. अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

३. ६ कानाबगर जिरि थापागाउँ सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

४. कालाखेत झिम्पाखोला खोल्टा सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

७ सडकले नछोएका तर हाल घर कायम रहि बसोबास भैईरहेको सम्पुर्ण क्षेत्र ।

८ भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सबै जग्गा ।

(ङ) वडा नं. ५

१. पाखुते काल्नेचौर, झिम्पा निसी सडकखण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

२. घर्तिथोक चैते पुच्छरा हाँस्ता लामाचौर सडक खण्ड सडकको अधिकार क्षेत्रदेखि देखि दायाँ र बायाँ ६० मिटर क्षेत्र

३. लिगर्ना मसालगाउँ कारीगाउँ सिनुखु सडक खण्ड र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

४. लिगर्ना घर्तिथोक गलकत्ता लगायत त्यो सडक सँग जोडिएका भित्रि ग्रामिण सडक को दायाँ बायाँ क्षेत्रको १०० मीटर क्षेत्र ।

५. मधुबाङ काँडा तिलखु रेले चन्दन गैरा सडक खण्ड र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

६. निसेलढोर बस्तिका सबै शाखा सडक खण्डको दायाँ बायाँ सडकको अधिकार क्षेत्र बाहेक १०० मीटरको क्षेत्र ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

७. चिनारे चेलवाङ सडक खण्ड र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

८. ज्ञानेन्द्र मा बि कटुवालडेरा सिनखुङ सडक खण्ड र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

९. मध्य पहाडी लोक मार्गको दायाँ बायाँ जोडिएको बस्तीबाट १०० मि. अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

१०. सडकले नछोएका तर हाल घर कायम रहि बसोबास भैईरहेको सम्पुर्ण क्षेत्र ।

११. भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सबै जग्गा ।

(च) वडा नं. ६

५. गलगाता बाट मगरखोला सम्म २०० मिटर र मगरखोला बाट चोरबास सम्म मध्यपहाडी लोकमार्ग सडकखण्डमा सडक अधिकारक्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र ।

६. भिवाङ मध्यपहाडि लोकमार्ग सडकखण्ड र शाखा सडकहरु अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक २०० मि. दायाँ बायाँको क्षेत्र।

७. ढाँड नाम्ती पाँडार सोता छुनखोला सडक खण्ड र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

८. लुप्लि तिघ्रापानी सडकखण्डको दायाँ बायाँ जोडिएको बस्तीबाट १०० मि. अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

९. बुधारनाथ देउराली बिमल गुम थाना सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

१०. बुढाथोक खर्क सुब्दि सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

११. सरिटार रोवाङ रङ्गिल स्यूवन सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

१२. सरिटार चेल्वाङ गायम सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

१३. निल्यान कालिपोखरी सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ५० मि. दायाँ बायाँको क्षेत्र।

१४. रिनुबाङ विबाङ सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ५० मि. दायाँ बायाँको क्षेत्र।

१५. झिम्मा गुर्लुङ्ग सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

१६. सिप कोष्काँ सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

१७. रिनुबाङ तिलाचन सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ५० मि. दायाँ बायाँको क्षेत्र।

१८. बुधारनाथ स्तुङ्गा खार्चन सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ५० मि. दायाँ बायाँको क्षेत्र।

१९. भुम्याथान साहुडेरा सडकखण्ड सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

२०. सडकले नछोएका तर हाल घर कायम रहि बसोबास भैईरहेको सम्पुर्ण क्षेत्र ।

२१. भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सवै जग्गा ।

(छ) वडा नं. ७

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

१. कुतनेटा नरसिङकोट सडकखण्ड र सो मातहतका सडकका अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

२. दर्लिङखोला कुतनेटा सडक खण्ड र सो मातहतका सडकको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडक खण्डमा सडक अधिकारक्षेत्र बाहेक ६० मि. दायाँ बायाँको क्षेत्र।

३. सालझण्डि ढोरपाटन सडकखण्डको दायाँ बायाँ जोडिएको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक १०० मि. दायाँ बायाँको क्षेत्र।

४. कुडुला प्यूठान रोड सडकखण्डको दायाँ बायाँ जोडिएको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

५. खोलेओखर पुरानोगाउँ धुवाखोर सडकखण्डको दायाँ बायाँ जोडिएको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

६. ढालपानी चोलाङ सडकखण्डको दायाँ बायाँ जोडिएको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ७० मि. दायाँ बायाँको क्षेत्र।

७. काउसेपानी टाकुरा सडकखण्डको दायाँ बायाँ जोडिएको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ५० मि. दायाँ बायाँको क्षेत्र।

८. चत्तुरबारी जुगपानी मसेर सडकखण्डको दायाँ बायाँ जोडिएको अगाडी पछाडी गई बस्ती विकास गर्न मिल्ने भूगोलको सडकखण्डमा सडक अधिकार क्षेत्र बाहेक ५० मि. दायाँ बायाँको क्षेत्र।

९. सडकले नछोएका तर हाल घर कायम रहि बसोबास भैईरहेको सम्पुर्ण क्षेत्र ।

१०. भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सवै जग्गा ।

११.

(ख). कृषि क्षेत्र

कृषि बाली उत्पादन, पशु पंक्षि पालन फार्म, मत्स्य पालन, माहुरी पालन, बागबानी , निजि जग्गा जडीबुडी तथा बन पैदावार उद्श्यले हुर्काएका बनस्पति वा जडीबुडी भएको जग्गा र कृषि वनले ओगटेको जग्गा ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

(ख). सडक देखि आवासीय क्षेत्र बाहेकको र अन्य मापदण्डले नछोएको सबै प्रकारको जग्गा

(ग) संघिय भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सबै जग्गा ।

(ग). व्यावसायिक क्षेत्र

१. देहाय बमोजिम प्रयोग भएको जग्गालाई व्यवसायिक क्षेत्रमा वर्गीकरण गरिनेछ ।

क. सामुहिक रुपमा वस्तु वा सेवाको खरिद बिक्री हुने गरि घरजग्गा तथा सो प्रयोजनका लागी छुट्याईएको जग्जा सवै ।

ख. बिभिन्न किसिमका व्यापारिक ,व्यावसायिक, मनोरञ्जनस्थलका क्षेत्र प्रयोजनका लागी छुट्याईएको जग्गा ।

ग. निजि क्षेत्रबाट संचालित शिक्षा ,स्वास्थ्य ,संचार ,सरकारी तथा निजि क्षेत्र समेतले सेवा प्रदान गर्न कार्यालय तथा तिनले चर्चेका जग्गा तथा भविश्यमा निर्माणका लागी छटयाईएको जग्गा समेत ।

२. अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि व्यावसायिक क्षेत्र देहाय बमोजिमको रहनेछ।

१.निसीखोला गाउँपालिकाको वडा नं. ४ मा अवस्थित झवाखोला बजार क्षेत्र।

२. निसीखोला गाउँपालिकाको वडा नं.५ मा अवस्थित पुतली बजार क्षेत्र।

३. संघिय भु-उपयोग नियमावली २०७९ को नियम ८ को अनुसुचि १ ले तोकेको सबै जग्गा ।

**५.** अन्य औद्योगिक, वन, खानी तथा खनिज, नदी खोला ताल सीमसार, सार्वजनिक उपयोगको, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रहरु र नेपाल सरकारबाट आवश्ययकतानुसार तोकिएका अन्य क्षेत्रलाई संघिय भू-उपयोग नियमावली २०७९ को अनुसूची-१ बमोजिम हुने गरि वर्गीकरण गर्नु पर्नेछ।

**६. स्थानीय भु-परिषाद गठन :**

(१) भु उपयोग योजना तर्जुमा तथा कार्यान्वयनका लागी यस निसीखोला गाउँपालिकामा एक भु उपयोग परिषद गठन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लिखएको भएता पनि यस निसीखोला गाउँपालिकाको गाउँकार्यपालिकाले स्थानीय भु उपयोग परिषदको रुपमा काम गर्नेछ ।

(३) भु उपयोग समितिले अवश्यकताको आधारमा आफ्नो कार्य सम्पादनको क्रममा विषय विज्ञको सहयोग लिन सक्नेछ ।

(४) स्थानीय भु उपयोग परिषदको बैठक आवश्यता अनुसार बस्न सक्नेछ ।

<u>७.स्थानीय भू-उपयोग परिषदको काम, कर्तव्य र अधिकार:</u>

१. स्थानीय भू-उपयोग परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. स्थानीय भे उपयोग योजना स्वीकृत गर्ने ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

ख. भुमि सम्बन्धित लागत संङकलन विश्लेशन र उपयोग गर्ने ।

ग. आफ्नो तहको भु उपयोग क्षेत्र नक्सा अद्यावधिक गर्ने ।

घ. आवश्यकता अनुसार आफ्नो तह क्षेत्रको बर्गीकरण गर्ने ।

ङ. भु उपयोग सम्बन्धी सुचना तोकिय बमोजिमका सरोकारवालाको पहुँचमा पुर्याउने र स्थानीय भु उपयोग कार्यान्वयन समितिलाइ निर्देशन दिने ।

च. भु उपयोग सम्बन्धी निति नियम तयार गरि लागु गर्ने ।

छ. भु उपयोग कार्यान्वयनको अनुगमन गर्ने ।

ज. भु उपयोग परिवर्तनको लागी स्पष्ट आधार र कारण सहित सिफारिस गर्ने ।

झ. तोकिएको भन्दा फरक उपयोग गरेमा कारवाही गर्ने ।

ञ. भु उपयोगमा उल्लेखनिय योगदान गर्ने व्यक्ती वा संस्थालाइ पुरस्कृत गर्ने ।

ट. धार्मिक,ऐतिहासिक, सांस्कृतिक ,पुरातात्विक, सार्वजनिक, सामुदायिक, स्थलहरुको संरक्षण गर्ने ।

८ कार्यान्वयन समिति :

(१) यस निसीखोला गाउँपालिकामा भु उपयोग कार्यक्रम संचालन तथा परिषदवाट स्वीकृत भु उपयोग योजना कार्यान्वयन गर्नका लागी देहाय बमोजिमको एक स्थानिय भे उपयोग कार्यान्वयन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. सम्बन्धीत वडाको वडा अध्यक्ष | सदस्य |
| ग. कर्षि, वन, भुमि, जलस्रोत र भौतिक पुर्वधार शाखाका प्रमुखहरु | सदस्य |
| घ. सरोकारवाला मध्येबाट स्थानीय भुउपयोग परिषदले तोकेका दुइजना महिला सहित चार जना | सदस्य |
| ङ. प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |

१. उपदफा १ बमोजिम गठन भएको कार्यान्वयन समितिका सदस्यको पदावधि ३ वर्षको हुनेछ।

९.कार्यान्वयन समितिको गठन, काम, कर्तव्य, अधिकार:

(१) कार्यान्वयन समितिको गठन, काम, कर्तव्य, अधिकार देहाय बमेजिम हुनेछ ।

क. स्थानीय भुउपयोग परिषदबाट स्वीकृत भुउपयोग योजना कार्यान्वयन गर्ने ।

ख. प्रत्येक वडाको वडास्तरिय भुउपयोग योजना तयार गर्ने ।

ग. वर्गीकृत क्षेत्रको सुचना तोकिए बमेजिम सरोकारवालाको जानकारीको लागी सार्वजनिक गर्ने ।

ङ. कार्यान्वयनको समयमा देखा परेका समस्याहरु सामाधान गर्ने ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

च. कार्यान्वयन समितिको अन्य काम, कर्तव्य र अधिकार संघिय भु उपयोग ऐन २०७६ को दफा २० को उपदफा ३ बमोजिम हुनेछ।

छ. संघिय भु उपयोग ऐन २०७६ को दफा २० को उपदफा ३ (ज) प्रयोजनार्थ कृषि योग्य जमिन बाँझो रहे, नरहेको हरेक महिनाको कम्तीमा पनि एक पटक र आवश्यकता अनुसार थप अनुगमन गर्नु पर्नेछ।

ज. उद्देश्य बमोजिमको कार्य गर्नको लागि आवश्यक जिन्सी उपकरणको व्यवस्थापन गाउँपालिकाले गर्नेछ।

झ. कार्यान्वयन समितिले कार्य सञ्चालन गर्नको लागि सम्बन्धित शाखा प्रमुखहरूको सहभागितामा कार्य दल गठन गर्न सक्नेछ।

ञ. कार्यान्वयन समितिको बैठक कम्तीमा प्रत्येक दुइ महिनाको एक पटक र आवश्यकता थप बस्न सक्नेछ।

१० जग्गाको मूल्याङ्कन र कर निर्धारण:

१. गाउँपालिका क्षेत्र भित्रका जग्गाहरुको मूल्याङ्कन र कर निर्धारण गर्दा गाउँपालिकाले भू-उपयोग क्षेत्र वर्गीकरणलाई आधार मान्नु पर्नेछ ।

२. उपदफा १ बमोजिम कर निर्धारण गर्दा कृषि क्षेत्रको तुलनामा गैर कृषि क्षेत्रको कर तिन गुनाले बढी हुने गरी निर्धारण गर्नु पर्नेछ।

३. उपदफा १ बमोजिम जग्गाको मूल्याङ्कन गर्दा कृषि क्षेत्रको मूल्याङ्कन अन्य क्षेत्रको तुलनामा नघट्ने गरी गर्नु पर्नेछ।

११ कृषि अनुदान कार्यक्रम सञ्चालन गर्न नपाइने :

१. कृषि क्षेत्रमा बाहेक अन्य कुनै पनि क्षेत्रमा कुनै पनि किसिमको कृषि अनुदान कार्यक्रम सञ्चालन गर्न पाइने छैन।

२. उपदफा १ बमोजिमको अनुदान वितरण गर्दा गाउँपालिकाले क्षेत्र पहिचान गर्न अप्ठ्यारो परेमा कार्यान्वयन समितिको सहयोग लिन सकिनेछ।

३. कृषि क्षेत्र बाहेक अन्य क्षेत्रमा अनुदान वितरण भएमा वितरण गर्ने लाई २० हजार रुपैयाँ सम्म जरिवाना र अनुदान प्राप्त गर्ने लाई ५ हजार रुपैयाँ सम्म जरिबाना गरिनेछ।

४. उपदफा ३ बमोजिम जरिवाना गर्ने अधिकार कार्यान्वयन समितिको सिफारिसका आधारमा स्थानीय भू-उपयोग परिषदले गर्नेछ।

१२ गाउँपालिकाको भौतिक पूर्वाधार विकास तथा अन्य भूमिसँग जोडिएका कार्यक्रमहरू भू-उपयोग क्षेत्रका आधारमा गर्नु पर्ने:

१. गाउँपालिकाले योजना निर्माण तथा वितरण गर्दा दफा ३ बमोजिम गरिएको भू-उपयोग क्षेत्र वर्गीकरणको आधारमा गर्नु पर्नेछ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

२. कृषि क्षेत्र बाहेकमा अन्य क्षेत्रमा कृषि जन्य कार्यक्रमहरू सञ्चालन तथा वितरण गर्न पाइने छैन।

३. उपदफा १ बमोजिमको वितरण भएको योजनामा योजना भुक्तानी गर्दा वर्गीकृत क्षेत्र सहित योजनाको ओभरल्याप गरिएको नक्सा अनिवार्य रूपमा संलग्न राखी मात्र दिनु पर्नेछ।

४. उपदफा ३ बमोजिमको नक्सा निर्माणमा समस्या परेमा कार्यान्वयन समितिको सहयोग लिनु पर्नेछ।

५. उपदफा ४ बमोजिम कार्यान्वयन समितिले उक्त नक्सा निर्माण गर्ने प्राविधिक तोक्न सक्नेछ।

<u>१३ जग्गाको चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिने:</u> ऐनको दफा १० को उपदफा २ बमोजिम कृषि भूमिमा आधुनिकीकरण, यान्त्रीकरण, व्यवसायीकरण, सहकारी खेती, सामुहिक खेती तथा सार्वजनिक गर्ने गराउने प्रयोजनार्थ चक्लाबन्दी कार्यक्रम सञ्चालन गरिनेछ।

१. गाउँपालिकाले चक्लाबन्दी कार्यक्रमको संचालन गर्दा देहायको प्रक्रिया अपनाउन सकनेछ।

(क) एक आपसमा सट्टापट्टा गरेर,

(ख) सहकारीता वा सामुदाय प्रणालीद्वारा संयुक्त रुपमा खेती गराएर,

(ग) भाँडामा लिएर,

(घ) गाउँपालिकाले जग्गा लिई वितरण गरेर,

(ङ) एकै जनाले बृहत खेती गर्ने व्यवस्था मिलाएर,

(च) स्वेच्छाबाट चक्लाबन्दी गराएर।

२. उपदफा १ बमोजिमको प्रक्रियाका आधारमा चक्लाबन्दी कार्यक्रम संचालन गर्दा चक्लाबन्दीको लागी माग भई आएको जग्गाहरूको क्षेत्रफल ५ हेक्टर भन्दा बढी भएमा उक्त क्षेत्रमा गाउँपालिकाले चक्लाबन्दीको कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

३. उपदफा २ बमोजिम चक्लाबन्दी कार्यक्रम गरिने अवधि भरको क्षति पूर्ति किसानहरूलाई उपलब्ध गराइनेछ र ५ वर्षसम्म बीउ, मल तथा कृषि औजारहरू अनुदान वितरण गर्न सकिनेछ।

४. चक्लाबन्दीको योजना कार्यान्वयन समितिले निर्माण गरि परिषदमा पेस गर्नु पर्नेछ र आवश्यकता अनुसार परिषदले स्वीकृत गर्नेछ।

५. परिषदबाट स्वीकृत भए पश्चात् कार्यान्वयन समितिले उक्त चक्लाबन्दीको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

<u>१४ सम्मान तथा पुरस्कृत:</u>

१. कार्यान्वयन समितिले भू-उपयोगमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, परिवार वा संस्थालाई सम्मान तथा पुरस्कृत गर्न परिषदमा सिफारिस गर्न सक्ने छ।

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत

२. परिषदले उपदफा १ बमोजिमको सिफारिस उपर छलफल गरी सम्मान तथा पुरस्कृतका लागी स्वीकृत गरेर गाउँपालिका स्थापना दिवसको अवसरमा सम्मान तथा पुरस्कृत गर्नेछ।

१५ भू-उपयोग क्षेत्र परिवर्तनका लागी सिफारिस गर्न सकिने:

१. गैर कृषि क्षेत्रमा वर्गीकरण गरिएको जग्गालाई कोही कसैले कृषि क्षेत्रमा परिवर्तन गर्न चाहेका ३ हजार वर्गमिटर सम्मको क्षेत्र भएमा परिवर्तनका लागी परिषदमा निवेदक दिन सकिनेछ।

२. परिषदले आवश्यक प्रक्रिया पुरा गरी कृषि क्षेत्रमा रूपान्तरण गरिदिन माथिल्लो निकायमा लेखि पठाउनेछ।

३. क्षेत्र परिवर्तन सम्बन्धी निवेदकको ढाँचा नियमावली को अनुसूची-२ बमोजिम हुनेछ।

४. आवासीय क्षेत्रमा वर्गीकरण भएको तर ५ वर्षसम्म ५%सम्म पनि आवासीय संरचना निर्माण नभएमा उक्त क्षेत्रलाई कृषि क्षेत्रमा परिवर्तन गर्न परिषदले सिफारिस गर्न सक्नेछ।

५. यस गाउँपालिका क्षेत्रभित्र कुनै स्थान वा वस्तीमा कुनै विपद वा प्राकृतिक प्रकोपको कारण असुरक्षित भएमा त्यस्तो क्षेत्रलाई असुरक्षित तथा अव्यवस्थित स्थान घोषणा गरी त्यस्तो स्थानमा बसोबास गरेको परिवार वा समुदायलाई सुरक्षित तथा व्यवस्थित स्थानमा बसोबासको व्यबस्था मिलाउन भुउपयोग परिर्वतन गर्न सक्नेछ ।

६. उपदफा ५ बमोजिम भुउपयोग परिवर्तन गराउदा अन्यत्र जग्गा उपलब्ध हुन नसकेको अवस्थामा मात्र कृषि क्षेत्रमा बसोबासको क्षेत्र मिलाउने गरी भुउपयोग परिवर्तन गर्न सकिनेछ ।

१६ यो कार्य विधिलाई असर नपर्नेगरी यस निसीखोला गाउँपालिकामा भु उपयोग सम्बनधी हाससम्म भए गरेका कार्य तथा कामहरु यसै भू-उपयोग वर्गीकरण मापदण्ड तथा कार्यान्वयन कार्यविधि, २०८१ बमोजिम भए गरे सरह मान्निनेछ ।

१७ बाधा अड्काउ फुकाउने अधिकार: यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै किसिमको बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन यस कार्यविधिलाई संघिय ऐन र नियमावलीको अधिनमा रहि संशोधन गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले

जिवन पुन मगर

प्रमुख प्रशासकिय अधिकृत

जिवन पुनमगर
प्रमुख प्रशासकीय अधिकृत